annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ६८ पृष्ठ ८ | काठमाडौं, आइतबार २३ असार २०८१ | आषाढ शुक्लपक्ष द्वितीया, नेपाल संवत् ११४४ | SUNDAY, JULY 7, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

## देशैभर बाढीको बबन्डर

एकाएक सुरु भएको अबिरल वर्षाका कारण देशभरको जनजीवन अस्तव्यस्त भएको छ। बाढी पहिरोले धेरैतिर सडक अवरुद्ध भएका छन्। थुप्रै व्यक्ति बासबाट विस्थापित भएका छन्। बाढीका कारण दुई जनाको निधन भएको छ भने केही बेपत्तासमेत भएका छन्।

कृष्ण सारु मगर | *हेटौंडा*
बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*
भरतराज बिष्ट | *कालीकोट*
प्रताप ओली | *बझाङ*
यादव आचार्य | *गुलरिया*
भवानी खड्का | *दोलखा*
अर्जुन कार्की | *बागलुङ*
सुन्दरकुमार थकाली | *जोमसोम*
शिवप्रसाद ढुंगाना | *ओखलढुंगा*
मनोज कार्की | *गुल्मी*
कृष्ण पोखरेल | *तानसेन*
सन्तोष गौतम | *बेनी*
भवानी अधिकारी | *स्याङ्जा*
गोपाल भण्डारी | *कपिलवस्तु*
कृष्णमणि बराल | *पोखरा*
गीता कुँवर | *अछाम*
रत्नप्रसाद आचार्य | *धरान*

– को रिपोर्ट

समाचार पृष्ठ २/३

काठमाडौंको टेकुस्थित सुकुम्बासी बस्तीमा शनिबार बाढी पसेपछिको दृश्य। ● अभिषेक महर्जन



हेटौंडा–भीमफेदी सडकअन्तर्गत भैंसेको बागझोरामा शनिबार आएको बाढी पार गर्दै सवारी तथा यात्रु। ● कृष्ण सारु मगर



नवलपरासीको गैंडाकोट क्षेत्रमा शनिबार नारायणी नदी पसेपछि। ● रासस

## सीमा रक्षार्थ लिपुलेकको छाङरुमा महर्षि वेदव्यासको मूर्ति



**जगद्गुरु बालसन्त**

### इजलास

लिपुलेक नेपालको हो। त्यहाँ छाङरु भन्ने गाउँ छ, त्यो हाम्रो हो। जुन गाउँमा महर्षि वेदव्यासले पुराण रचना गरेका हुन्। शास्त्रका श्लोकले यो कुरा प्रष्ट उल्लेख गरेको छ। हामीले जानेबुझेको तनहुँको दमौलीमा चाहिँ उनै वेदव्यास जन्मिएका हुन्। 'दमौली जन्म बदरी वनस्तु व्यासमुनि सत्यवती सुतौं' भनेर शिलामा लेखिएको छ।

अब पुराण के भन्छ भने मादीका शुक्लगण्डकीको संगममा व्यासको मूर्ति छ। जसले उनको जन्मभूमि नेपाल हो भन्ने प्रमाण दिन्छ। कोशीका तटमा पनि व्यासको आश्रम छ भन्छ महाभारत। त्यसलाई पनि उठाउने हाम्रो लक्ष्य हो। वेदव्यासको मूर्ति लिपुलेकको तल छाङरु भन्ने गाउँमा राख्ने तयारी छ। यसरी राख्यौं भने कमसेकम यसले नेपालको सीमा स्तम्भको काम गर्ने छ। त्यहाँ १४ फिट अग्लो अष्टधातुको मूर्ति बनाउँदै छौं। यसमा बुद्धिजीवी र भक्तजनले सरसहयोग गर्नुहुँदै छ। २०८१ सालभित्रै तयार पारेर त्यो छाङरुमा लगेर वेदव्यासको मूर्ति राख्ने यो काममा अहोरात्र खटिइरहेको छु।

वेदव्यासजी त्यहाँ गएर तपस्या गर्नुभयो। त्यसैले त्यहाँ उहाँको मूर्ति राख्ने इच्छा छ। त्यसका लागि प्रयासरत छु। सबैको सहयोगबाट यो सम्भव हुनेछ। तत्कालीन समयमा ७५ जिल्ला समेटेर महाकाली नदीको झम्केनीमा ७५ फिट अग्लो नेपाल आमाको अष्टधातुको मूर्ति बनाउँदै छु, अन्तिम चरणमा छ। यसले समग्र नेपालीको शिर उँचो बनाउने छ।

*(बालसन्त मोहनशरण देवाचार्य नेपालका प्रथम जगद्गुरु हुन्।)*

## नक्कली छोरा बनेर सम्पत्ति हत्याउन खोज्दा...

**बलराम पुडासैनी** | *हेटौंडा*

दिवंगत महिलाको नक्कली छोरा बनेर किर्ते कागजात बनाइ जग्गा हडप्ने प्रयास गरेको अभियोगमा पक्राउ परेका पूर्णबहादुर ब्लोनलाई जिल्ला अदालत मकवानपुरले पुर्पक्षका लागि थुनामा पठाएको छ।

न्यायाधीश पूर्णिमा कोइरालाको इजलासले शुक्रबार ४६ वर्षका ब्लोनलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको हो। अदालतले किर्ते कागज बनाउन सघाउने ५६ वर्षका रामबहादुर न्यासुरलाई समेत पुर्पक्षका लागि थुनामा पठाएको छ।

बकैया गाउँपालिका-४ निवासी ब्लोनले स्याङ्जाकी उमादेवी गुरुङको नाममा ललितपुर र चितवनमा रहेको केही रोपनी जग्गा र कृषि फर्म उनको नक्कली छोरा बनेर आफ्नो नाममा हत्याउने प्रयास गरेका थिए। त्यस्तै न्यासुरले सो घटनामा ब्लोनलाई सहयोग गर्दै आएको प्रहरी अनुसन्धानबाट खुलेको छ।

स्याङ्जाको मेथाभुरुङमा जन्मिएकी गुरुङको २०७४ भदौ २६ गते नै मृत्यु भएको थियो। गुरुङको मृत्युपश्चात् उनको नाममा रहेको सम्पत्ति हत्याउन गुरुङकै आफन्तसहित गिरोह नै परिचालित भएको खुलेको छ। गिरोहले मकवानपुरको थाहा नगरपालिका-१२, बकैया गाउँपालिका-४, स्याङ्जाको बिरुवा गाउँपालिका-७ बाट ३ पटक नक्कली छोरा बनाएर उमादेवीको मृत्यु दर्ता, नाता प्रमाणितलगायत किर्ते कागजात तयार पारेको भेटिएको छ। त्यस्तै कीर्तिपुर नगरपालिका-१० र भरतपुर महानगरपालिका-१९ बाट पनि झुटो विवरण पेस गरी सिफारिस बनाएको खुलेको छ।



**राजन दंगाल**, वडाध्यक्ष

- अदालतले किर्ते कागज बनाउन सघाउने ५६ वर्षका रामबहादुर न्यासुरलाई समेत पुर्पक्षका लागि थुनामा पठाएको छ।
- उमादेवीको सम्पत्ति हत्याउन परिचालित गिरोहसँग बकैया-४ का वडाध्यक्ष राजन दंगालको पनि मिलेमतो देखिएको छ।

### सम्पत्ति हत्याउन वडाध्यक्षको मिलेमतो

उमादेवीको सम्पत्ति हत्याउन परिचालित गिरोहसँग बकैया-४ का वडाध्यक्ष राजन दंगालको पनि मिलेमतो देखिएको छ। वडाध्यक्ष दंगालले १८ मंसिर २०८० मा पूर्णबहादुरलाई उमादेवीको नक्कली छोरा बनाएर मृत्युदर्ता र नाता प्रमाणितलगायतका कागजात तयार पारिदिएका थिए।

स्थानीय रामबहादुर न्यासुरसहित ५ जनालाई साक्षी राखेर उमादेवी र पूर्णबहादुर (आमा-छोरा) हुन् भनी सर्जमिन मुचुल्का तयार पारी झुटो कागजात तयार पारिएको खुलेको छ। मृतक उमादेवीको सम्पत्ति हत्याउन वडा कार्यालयबाट पटक-पटक सिफारिसका कागजातसमेत तयार पारिएको छ।

सम्बन्धित मालपोत कार्यालयबाट सम्पत्ति नामसारीको प्रक्रिया अघि बढाउँदै गर्दा घटना बाहिरिएपछि वडाध्यक्ष दंगालले उक्त गिरोहसँग आफ्नो मिलेमतो नदेखाउन आफैंले प्रहरीमा उजुरी दिएको अनुसन्धानबाट खुलेको छ।

झुटो विवरणसहितको नक्कली कागजात तयार पारेको अभियोगमा आफू फस्ने निश्चित भएपछि वडाध्यक्ष दंगालले आफू उम्किने प्रयास गरेका छन्। दंगालले आफूलाई पूर्णबहादुर ब्लोनले झुटो विवरण पेस गरेर नक्कली कागजात तयार पार्न लगाएको भन्दै जिल्ला प्रहरी कार्यालय मकवानपुरमा पूर्णबहादुरमाथि कारबाहीको माग गर्दै आफैंले निवेदन दिएका हुन्।

प्रहरीले पूर्णबहादुरलाई २८ जेठ २०८१ मा पक्राउ गरी लिखतसम्बन्धी कसुरमा अनुसन्धान गरिरहेको थियो। शुक्रबार जिल्ला अदालतले उनलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता लक्ष्मी भण्डारीले बताए। प्रहरीले पूर्णबहादुरको बयानका आधारमा सर्जमिन मुचुल्कामा बस्ने ५६ वर्षका रामबहादुरलाई पक्राउ गरेको थियो। आफूलाई नक्कली छोरा बनेर कागजात बनाउन रामबहादुरले सहयोग गरेको भन्दै पूर्णबहादुरले बयान दिएपछि रामबहादुर फन्दामा परेका हुन्। उनलाई पनि अदालतले पुर्पक्षका लागि थुनामा पठाएको छ।

वडाध्यक्ष दंगालसहित ७ जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। 'वडाध्यक्षज्यूसहित ७ जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको प्रहरीले जनाएको छ। 'उहाँहरू फरार हुनुहुन्छ, प्रहरीले उहाँहरूलाई खोजिरहेको छ,' प्रवक्ता भण्डारीले भने।

» बाँकी पृष्ठ ६

